**मिति : २०७९ / ११/ ४ गते**

**प्रेस विज्ञप्ति :**

**आदरणीय सञ्चारकर्मि मित्रहरु,**

नेपालमा दास प्रथाका अवशेषका रुपमा रहेका कमैया, हलिया र कम्लरीको मुक्तीको घोषणा बिभिन्न समयमा भएको ब्यहोरा र मुक्तिको घोषणा पश्चात लगत लिने, पहिचान गर्ने, परिचयपत्र दिने र केहि मात्रामा सरकारका तर्फबाट पुनःस्थापनाको प्रयास गरेको ब्यहोरा अवगत नै छ । पुनःस्थापनाको प्रष्ट परिभाषा नगरि सुरु गरिएको पुनःस्थापनाले मुक्त कमैया, हलिया र कम्लरीको बास्तबिक पुनःस्थापना हुन नसेकेकोमा हलिया, कमैया र कम्लरीले बिभिन्न तरिकाले बिभिन्न समयमा निति निर्माताको ध्यानआर्कषण गर्दै आइरहेका छन । यो अभियानका क्रममा सञ्चार क्षेत्रले पुऱ्याएको सहयोग प्रति धन्यबाद दिन चाहान्छौं ।

कृषि बाँधामजदुरहरुको मागहरु सम्बोधन हुन कठिन भै रहेको अवस्थामा देशै भरि छरिएर रहेका कृषि बाँधा मजदुर हरु संगठित र एकीकृत आन्दोलनको आवश्यकता मशसुस गरे । सोही बमोजिम मुक्त कमैया, हलिया, कम्लरी र हरवाचरवाको भेलाले कृषि बाँधा मजदुर सर्घष समिति गठन गरेका थिञ्यौं । गठन पश्चात संघर्ष समितिको अगुवाईमा बिभिन्न चरणमा बिभिन्न कार्यक्रमहरु सञ्चालन भए ।

जसको परिणाम स्वरुप नेपालमा दास प्रथाको रुपमा विद्यमान रहेको  हरवाचरवा प्रथाको  मिति २०७९ श्रावण २ गतेका दिन एक भव्य समारोहका बीच सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाज्यूले मुक्तिको घोषणा गर्नुभएको थियो ।  कमैया मुक्तिको २२औं मुक्ति दिवसको सन्दर्भमा आयोजित कार्यक्रममा विशेष सन्देश मार्फत हरवाचरवा मुक्तिको घोषणा गरेर समुद्घाटन गरिएको थियो । जसमा निम्न घोषणा गरिएको थियो  :

कमैया मुक्त घोषणाको २२ बर्ष पुगेको अवसरमा कमैया श्रमीक हरवा चरवा को लागी तत्कालीन सम्माननीय प्रधानमन्त्री श्री शेर बहादुर देउवाज्युको बिशेष सन्देश यस प्रकारको थियो:

- नेपालमा लामो समयसम्म सामाजिक कुप्रथाको रुपमा रहेको कमैया प्रथालाई अन्त्य गर्ने गरी कमैया मुक्ति घोषणा भएको २२ बर्ष पुगेको अवसरमा म मुक्त कमैया,मुक्त हलिया लगायत सम्पुर्ण कमैया श्रमीकहरुलाई हार्दिक शुभकामना ब्यक्त गर्दे उहाँहरुको सुखी र सम्मानपुर्ण जीवत यापनको कामना गर्दछु ।
- कमैया श्रम (निषेध गर्ने)सम्बन्धी ऐन, २०५८ मार्फत हरवा चरवा लगायत सबै किसिमका कमैया श्रमीक परिवारहरुको मुक्ति, असमान श्रम सम्बन्ध र शोषणयुक्त प्रथाको अन्त्य तथा

ऋण मोचन गरिसकिएको छ । यसका बाबजुत कही कतै कुनै बाहानामा सो प्रथाको अवशेष बाँकी रहेको वा उक्त ऐनको पुर्ण कार्यान्वयन हुन नसकेको अवस्था रहेछ भने सो बिषय कानुनको गम्भीर उल्लघन भएको बिषय हुने कुरा स्पष्ट पार्न चाहान्छु ।

- अतः म आजैका मितिबाट पुनःएकपल्ट सो ऐनको पुर्ण कार्यान्वयन गर्न,गराउन सबै सरोकारबालाहरुको गम्भीर ध्यानआकर्षण गराउन चाहान्छु । साथै, ऐनको ब्यवस्थाको प्रभावकारी पालन भए नभएको सघन अनुगमन गर्न समेत सम्बन्धित मन्त्रालय र सो मातहतको निकायहरुलाई निर्देशन दिन चाहान्छु ।

- मुक्त हरवाचरवा परिवारहरुको सामाजिक आर्थिक उन्नती र सम्मानजनक जीवन सुनिश्चित गर्नको लागी बिशेष लक्षित कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारका सम्बद्ध निकायहरुलाई आग्रह गर्दछु । यस कार्यमा आवश्यक सहयोग,समन्वय र सहकार्यको लागी प्रदेश सरकार र स्थानिय तहलाई समेत हर्दिक आवहान गर्दछु ।

उक्त घोषणा संगै पुनःस्थापनाबाट बञ्चित गराइएका मुक्त कमैया,हलिया,कम्लरी र सोही दिन मुक्त भनिएका कमैया, हलिया,कम्लरी र हरवाचरवामा आशाको सञ्चार भएको थियो । यसै क्रममा नेपाल सरकार भूमिब्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको अगुवाईमा कमैया श्रमिक (कमैया, कमलरी, हलिया तथा हरवाचरवा) पुनःस्थापना कार्यविधि तथा कार्ययोजना २०७९ मश्यौदा भैसकेको र सहमतीका लागी अर्थमन्त्रालयमा पठाएको अवस्था छ । तर घोषणाको ६ महिना बितिसक्दा सक्दा पनि कुने प्रगति नभएको ब्यहोरा जानकारी गराउन चाहान्छौं । सरकारका तर्फबाट भएका घोषणा नै कार्यान्वयन नहुदा बिश्वासको संकट पैदा भएको छ । अतः बर्तमान सरकारले तत्काल उक्त घोषणा कार्यान्वयनका लागी आवश्यक बिधि, प्रक्रिया तय गरि अगाढी बढोस भन्ने चाहान्छौ ।

अतः हामी चाहान्छौ : हाम्रा तपसिलका मागहरु सरकारले तत्काल पुरा गरोस ।

**हाम्रा साझा मागहरु :**

१. नेपाल सरकार भूमिब्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको अगुवाईमा निर्माण भएको कमैया श्रमिक (कमैया, कमलरी, हलिया तथा हरवाचरवा) पुनःस्थापना कार्यविधि तथा कार्ययोजना २०७९, मन्त्रीपरिषदबाट पारित गरेर पुनःस्थापनाको बजेटसहितको कार्ययोजना निर्माण गरियोस् ।

२. सर्वप्रथम श्रावण २ गतेको घोषणालाई कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहसंगको सहयोग, सहकार्य तथा समन्वयमा हरवा चरवा लगायत अन्य छुट भएका कृषि बढुवा मजदुरहरुको वास्तविक तथ्याँक संकलन गरी परिचय पत्र प्रदान गरि पुनःस्थापना गरियोस ।

३. नेपाल सरकार श्रम, रोजागार तथा सामाजिक सुरक्षा मन्त्रालयको अगुवाईमा निर्माण भएको बाध्यकारी श्रम (निषेध तथा उन्मुलन गर्ने) सम्बन्धी बिद्येयक २०७९ यथाशिघ्र संसदबाट पारित गरी कार्यान्वयन गरियोस ।

४. नेपाल सरकारद्धारा राष्ट्रिय भूमि आयोग गठन भइसकेको सन्दर्भमा बाधाश्रमीकलाई विशेष सवालको रुपमा प्राथमिकतामा राख्दै जिल्ला स्तरीय आयोगमा उनीहरुको अनिवार्य प्रतिनीधित्व सुनिश्चित गर्दै जमिन उपलब्ध गराउने व्यवस्था गरियोस् ।

५. नेपाल सरकारको आगामी नीति तथा कार्यक्रम र बजेटमा पुनःस्थापनालाई उच्च प्राथमिकतामा राखी बजेट विनियोजन गरियोस । साथै स्थानीय तहलाई सशर्त बजेटको व्यवस्था गरी पुनःस्थापना कार्य अघि बढाइयोस ।

६. हाल सम्म हुंदै आएको ऐतिहासिक उत्पीडनको क्षेतिपूर्ति स्वरुप मुक्त बाँध श्रमीकका परिवारहरुले स्वतन्त्रता पूर्वक सम्मानजनक जिउन सक्ने गरी पुनःस्थापनाको एकीकृत प्याकेज निर्माण गर्दा काम, ज्याला, समानता, स्वतन्त्रतासहित शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षासहितको दिगो जिविकोपार्जनको सुनिश्चितता गरियोस ।

७. नेपाल सरकारद्धारा तथ्याक संकलनकै क्रममा छुटेका मुक्त कमैया,हतिया,कम्लरी र हाल सम्म तथ्यांक सकलन सुरु नै नभएका हरवाचरवा हरुको लगत लिई पुनःस्थापना गरियोस ।

८. पुनःस्थापनाका क्रममा पुनःस्थापना हुन छुट मुक्त कमैया र हलियाहरुको पुनःस्थापना गरियोस । सरकारले उपलब्ध गराएको जमिन उपयुक्त नभएको, मुक्त कमैयाले काठबापत पाउनु पर्ने रकम प्राप्त नभएको , सरकारले उपलब्ध गराएको जमिनमा बिबाद देखिएको, सरकारले लगत लिदा लगत लिएको प्रमाणको रुपमा अर्धकटटी दिएकोमा हाल सम्म केहि नभएको, बर्गिकरणमा समस्या देखिएको लगायतका समस्याहरु तत्काल समाधान गरियोस ।

९. मुक्त कम्लरीको पहिचान गरि परिचयपत्र उपलब्ध गराई उनिहरुको शिक्षा,स्थास्थ्य, रोजगारी र जिवनयापनका लागी बिशेष ब्यवस्था गरियोस ।

१०. सरकारले गठन गरेको मुक्त कमैया कम्लहरी मुक्त हलिया, हरवाचरवा सम्वन्धी वस्तुस्थिति अध्ययन समितिको प्रतिबेदन लागु गरियोस ।

आजका मिति सम्म हामीहरुले स्थानिय तह,प्रदेश सरकार र संघिय सरकारको ध्यानआर्कषणका लागी ज्ञापन पत्र बुझाउने,डेलीगेसन गर्ने र दलहरु संग छलफल अर्न्तक्रिया गर्ने कार्य समेत गर्‍यौं । तर यति गर्दा पनि सिहदरबारले हाम्रो आवाज सुनेन् । पुनः एकपटक यो पत्रकार सम्मेलन मार्फत सरकारको ध्यान आर्कषण गराउन चाहान्छौं । उल्लेखित हाम्रा मागहरु सम्बोधन हुने प्रक्रियाको तत्काल थालनी हुन नसके थप आन्दोलनमा जाने चेतावनी समेत दिन चाहान्छौं ।

धन्यबाद,

हस्ताक्षरकर्ताहरु :